**मिति :२०७५/७/१९ गते नगर कार्यपालिकाको निर्णय**

प्रस्तावहरु

१.विभिन्न योजनाहरुमा रकम विनियोजन सम्बन्धमा ।
२. फोहोरमैला व्यवस्थापनको लागि रकम विनियोजन सम्बन्धमा ।
३. सि.सि. क्यामरा जडानको लागि थप रकम सम्बन्धमा ।
४. भोर्लेटार स्वास्थ्य चौकीमा ल्याब संचालन सम्बन्धमा ।
५. तलब सम्बन्धमा ।
६. योजना संशोधन सम्बन्धमा ।
७. आर्थिक सहायता सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा नगर भित्र देहाय बमोजिमका योजनाहरु संचालन गर्नुपर्ने भएकोले ति योजनाहरुको लागि गत आ.व.को मौज्दात रकमबाट खर्च हुने गरी निम्न बमोजिमको रकम छुट्याउने निर्णय गरियो ।

- ईशानेश्वर बालुन तथा संस्कृतिक संरक्षण, वडा नं ७ - रु. दुई लाख ।
- वरवोटे खानेपानी मर्मत, वडा नं ७ - रु एक लाख ।
- मजुई माटेपानी पधँरो गोरेटो बाटो निर्माण, वडा नं ७ - तीन लाख ।
- रम्घा स्वास्थ्य चौकी व्यवस्थापन तथा फिर्निचर, वडा नं ४ - एक लाख ।
- विश्वकर्मा मन्दिर निर्माण, वडा नं ४ - दुई लाख ।
- रम्घा समिभञ्ज्याङ्ग खानेपानी मर्मत सुधार, वडा नं ४ - रु.एक लाख पचास हजार ।
- वेतेनी मजुवा खानेपानी मर्मत, वडा नं ८ - रु. एक लाख ।
- पहिरो संरक्षण (वडा अध्यक्ष अमृत तामाङको घर अगाडी), वडा नं ८ - एक लाख पचास हजार ।
- देउ बहादुर दुरा संग्राहलय जाने बाटो निर्माण तथा पाटी निर्माण, वडा नं १० - तीन लाख ।
- लामीडाँडा खानेपानी पाइप खरिद, वडा नं ४ - पचास हजार
- पुराण्डी स्वास्थ्य केन्द्र मर्मत, वडा नं ६ - एक लाख
- धिताल गाँउ पाखुरे मोटरबाटो, वडा नं १ - दुई लाख ।
- कालिका मन्दिर मर्मत, वडा नं १ - एक लाख ।
- भोटेवारी देउराली भदौरे मोटरबाटो, वडा नं ९ - दुई लाख ।
- धुलपुर देउटार कुलो निर्माण, वडा नं ३ - एक लाख ।
- बाल ज्योती मा.वि. जाने गोरेटो बाटो निर्माण, वडा नं ९ - एक लाख
- जेष्ठ नागरिक विश्राम स्थल निर्माण, वडा नं ३ - एक लाख ।

- ❖ वगाले थापा मन्दिर परिसरमा पाटी निर्माण, वडा नं ३ - दुई लाख ।
- ❖ बाँग्रेवेशीमा मन्दिर निर्माण, वडा नं ९ - चार लाख ।
- ❖ बुढी गल्ली संरक्षण (ढल्के आँप), वडा नं ६ - पचास हजार ।
- ❖ झोलुङ्गे पुलमा रेलिङ्ग निर्माण, वडा नं २ - एक लाख ।
- ❖ हाँडीखोला झोलुङ्गे पुल म्याचिङ्ग फण्डको लागि, वडा नं १० - एक लाख चालिस हजार ।
- ❖ नगरपालिकाको जग्गा (पहाडी खाध्यन्न) को कम्पाउण्डमा तारबारको लागि, वडा नं ६ - पाँच लाख ।
- ❖ नगरपालिकाको जग्गा (पहाडी खाध्यन्न) मा रहेका पुराना घर मर्मत (आवासको लागि) - रु पाँच लाख
- ❖ नगरपालिका भित्रका मोटर बाटो मर्मत - रु तीन लाख ।
- ❖ तिज गित प्रतियोगिता सम्पन्न भएका आमा समूह तथा महिला संजाल - रु एक लाख पचास हजार
- ❖ वडा कार्यालय जिताकोट जाने मोटरबाटो मर्मत, वडा नं १ - रु २ लाख
- ❖ समिभञ्ज्याङ्ग रम्घा (माथिल्लो) खानेपानी मर्मत, वडा नं ५ - रु १ लाख पचास हजार
- ❖ वहुतारे डाँडाको चौतरा सम्म मोटरबाटो निर्माण, वडा नं ९ - रु १ लाख

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा फोहोरमैला व्यवस्थापन कार्यक्रममा रहेको रकमबाट खर्च हुने गरीमध्यनेपाल नगरपालिका वडा नं ६ भोर्लेटारमा फोहोरमैला व्यवस्थापनको लागि रु दुई लाख र वडा नं २ सोतीपसलमा फोहोरमैला व्यवस्थापनको लागि रु दुई लाख खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा नगरपालिका भित्रका शहरी क्षेत्रमा सि.सि. क्यामरा जडानको लागि विनियोजित रकमबाट नपुग भएकोले रु पाँच लाख पचास हजार गत आ.व.को मौज्दात रकमबाट थप गर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका वडा नं ६ भोर्लेटार स्थित भोर्लेटार स्वास्थ्य चौकीमा प्रयोगशाला संचालन गर्नको लागि आवश्यक सामान खरिद गर्न रु पाँच लाख गत आ.व.को मौज्दात रकमबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय लमजुङबाट यस नगरपालिकामा कामकाज गर्न खटाईएका खा.पा.स.टे. मणिराम पोखेललाई मिति २०७५/०४/०१ देखि २०७६ असार मसान्तसम्मको लागि अस्थाई सेवाको म्याद थप गर्ने र नीजले खाईपाई आए बमोजिम तलब भत्ता भुक्तानी गर्ने

निर्णय गरियो । साथै यस कार्यालयमा कम्प्युटर अपरेटर पदमा कार्यरत सञ्जय पौडेलको मासिक तलबमा रु तीन हजार थप गरी मासिक रु २१,०००।-एकाईस हजार कायम गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा वड नं १० को वडा कार्यालयमा तला थप गर्नको लागि छुट्याइएको रकम रु पाँच लाख सोही वडामा निर्माणाधीन स्वास्थ्य चौकी जाने बाटो निर्माण गर्ने गरी योजना संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा यस मध्यनेपाल नगरपालिकाका नगर सभा सदस्य मनिषा वि.क.को श्रीमान् आश बहादुर वि.क.लाई क्यान्सर रोग लागि उपचारको क्रममा मृत्यु भएको र नीजको आर्थिक अवस्था अत्यन्त कमजोर रहेकोले निजलाई आर्थिक सहायता स्वरुप रु एक लाख प्रदान गर्ने निर्णय गरियो ।